# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वर्ष-३ | अंक-४९ | २०७६ असाढ ११ गते बुधबार | 26 June 2019 Wednesday | मूल्य रू. १०/-


## कालिकोटमा विप्लवका कार्यकर्ताले जलाए गाउँपालिका

**मिसन न्यूज**

**कालिकोट-** नेत्रविक्रम चन्द 'विप्लव' समूहको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताहरुले कालिकोटको नरहरीनाथ गाउँपालिकामा आगजानी गरेका छन्। गएराति करिब एक बजे नरहरीनाथ गाउँपालिकामा आएको समूहले गाउँपालिका कार्यालय र दुई वटा वडा कार्यालयका कागजातहरु जलाएका हुन् जिल्ला प्रहरी कार्यालय कालिकोटका डीएसपी विनोद शर्माले विप्लव समूहका कार्यकर्ताहरुले गएराति नरहरीनाथ गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षको झ्याल फोडेर पेट्रोल खन्याइ आगो लगाएको जानकारी दिए ।

'राति स्थानीय सुतिरहेको बेला गाँउपालिकामा भएको आगलागि इलाका प्रहरी चौकी कुमालगगाँउका प्रहरी र स्थानीय नागरिकले नियन्त्रणमा लिए । तर गाँउपालिकाको भौतिक संरचना र अभिलेख नष्ट भएको छ ।' उनले भने, 'क्षतिको एकिन विवरणसहित जानकारी आउन बाँकी छ। 'प्रहरी प्रमुख शर्माका अनुसार गाउँपालिकामा भएको आगलागि नियन्त्रणमा लिँदै गर्दा नरहरीनाथ गाँउपालिकाको वडा नं. ६ माल्कोटको वडा कार्यालयका कागजात जलाएका छन् । उक्त गाउँ विप्लव नेतृत्वको नेकपाका पार्टीप्रवक्ता तथा पुर्व मन्त्री खड्गबहादुर बिश्ववकर्मा प्रकाण्डको हो । प्रहरी वडा नं ६ मा जाँदै गर्दा नरहरीनाथ गाँउपालिकाकै वडा नं. ५ उपाध्यक्ष मनसोभा बुढाले भौतिक संरचनाको अभावमा सेवा प्रवाह गर्न समस्या भइरहेका बेला साविकको गाविसको सामान्य भवन पनि जलाएपछि सेवा प्रवाह गर्न थप समस्या भएको बताइन् । उनले भनिन्,



विप्लवले नरहरीनाथ गाउँपालिकामा आगजानी गरे ।

रुप्सामा रहेको वडा कार्यालयका कागजातहरु नेकपाका कार्यकर्ताले जलाउन भ्याए। वडा कार्यालयहरुस्थानीय नागरिकहरुको घरको भाडामा भएकाले भवन नजलाई कार्यालयमा भएका कागजातलाई खुला ठाउँमा ल्याएर जलाएका छन्। नरहरीनाथ गाँउपालिका 'गाँउपालिकामा भएका अधिकांश अभिलेखहरु जलेर नष्ट भएका छन् । गाँउपालिकाको लेखा शाखामा रहेका केही कागजातहरु जोगाउन सकियो । प्रमुख प्रशासकीय अधिकृत र गाँउपालिका अध्यक्षको कार्यकक्षमा

बाँकी ८ पृष्ठमा..

## कालिकोटमा गुफाभित्र वडासभा

**मिसन न्यूज**

**कालिकोट -** जिल्लाको तिलागुफा नगर पालिका ५ को तेस्रो वडासभा गुफाभित्र संचालन गरिएको छ । जिल्लाको पर्यटकीय स्थल तिलागुफाको प्रचार प्रसारका लागि वडापालिकाले वडासभा गुफाभित्र संचालन गरेको हो। जिल्लाको पूर्वी क्षेत्रमा पर्ने तिलागुफा नगरपालिका ५ मा पर्ने तिला गुफाको प्रचार प्रसार का लागि वडाले आफ्नो तेस्रो वडा सभा नै गुफाभित्र संचालन गरेको वडा अध्यक्ष टिकाराम न्यौपानेले बताए । उनले कर्णाली राजमार्गमा पर्ने धनाडाबाट करि ब ५ मिनेट पैदल हिँडेर अवलोकन गर्न



सकिने उक्त गुफाको प्रचार प्रसारका साथै आन्तरिक तथा बाह्रय पर्यटको आकर्षक केन्द्रको रुपमा विकास गर्न वडा सभा नै गुफाभित्र संचालन गरि एको बताए । उनले भने, 'जिल्लाकै ऐतिहासिक तथा पर्यटकीय स्थल तिलागुफा पछिल्लो समय अवलोकन गर्ने आन्तरिक पर्यटक बढ्न थालेका छन्। तर पनि यसको प्रचार प्रसारको अभाव र पूर्वाधार विकास हुन नसक्दा ओझेलमा छ। यसको पूर्वाधार विकासका लागि नगरसभामा पनि पहल गर्ने योजना छ।' उनले कर्णालीकै चर्चित पर्यटकीय क्षेत्र रारा ताल भ्रमण गर्ने अधिकांश आन्तरिक पर्यटक धनाडामा गाडी र ाकेर तिलागुफाको अवलोक गर्ने गरेको बताए । उनले भने, 'जिल्ला सदमुकामबाट नजिकै रहेर पनि विगतमा सरकारी निकायले चासो नदेखाउँदा यो गुफाको प्रचार प्रसारका साथै उचित संरक्षण र पर्यटकीय स्थलका रुपमा विकास हुन नसकेको हो। गत आर्थिक वर्षमा तिलागुफा नगर

बाँकी ८ पृष्ठमा..

## केन्द्र सरकारको गणनामा छैन कर्णाली प्रदेश : मुख्यमन्त्री शाही

**मिसन न्यूज**

**कालिकोट -** कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले कर्णाली प्रदेश सरकारलाई केन्द्र सरकारले गणनानै नगरेको बताएका छन्। नेकपा जिल्ला कमिटीको प्रथम बैठकमा सहभागी हुन कालिकोट पुगेका मुख्यमन्त्री शाहीले पत्रकार भेटघाट कार्यक्रममा कर्णाली प्रदेशको मुख्य समस्या गरिबी भएकोले गरिबलाई केन्द्र सरकारले पनि गणनानै नगरेको बताए।

भुगोलले ठगिएको कर्णाली प्रदेश विकासको दृष्टिले पुर्वधारमा पहिलो प्रथामिकता राख्नु प्रर्ने भन्दै पटक पटक पुर्वाधारमा जोड दिन केन्द्र सरकार संग माग गर्दा पनि केन्द्र सरकारले मागको सुनुवाई नगरेको बताए । कर्णाली



प्रदेशको आवश्यकता खाना, नाना, छाना बदल्न सके मात्र गरिबी अन्त्य हुने बताए । गरिबीका कारण कतिपय बालबालिकाले नयाँ लुगा लगाउन नपाउने गरेको उनले बताएरु। 'पहिलो खाना, त्यसपछि ठूलो समस्या छाना होरु। कर्णालीका अधिकांश बस्तीहरूमा सर्वसाधारणको घर पनि छैनरु। भएका पनि खरले छाएका छन् ।' अव खरले छाएका ति सवै घरहरु खरमुक्त गरी टिनको प्रयोग गर्ने शाहीले बताए । अब गरिबीलाई हटाएर उत्पादन मुलक क्षेत्रमा लगाइ एक व्यक्ति एक व्यवसाय नगरेसम्म कर्णालीबासीको गरिबी नहट्ने बताए। उनले कर्णाली प्रदेशको मुख्य नारा 'खाना, नाना र छाना' रहेको उनले बताए । अब पहिलो आवश्यकता खाना,

बाँकी ४ पृष्ठमा.....

# साँढेको जुधाइमा बाच्छाको मिचाइ

**होमनाथ दाहाल**

हामी न भारत न त चीनलाई चिढ्याउन सक्छौं, हरेक क्षेत्रमा दुवै छिमेकीको सहयोग र सद्भाव हाम्रा लागि आवश्यक छ । अमेरिकाले अघि सारेको ‘इन्डो-प्यासिफिक’ रणनीतिक योजना र चीनको ‘बीआरआई’ को चेपमा नेपालजस्तो सानो र कमजोर राष्ट्र पर्ने परिस्थिति सिर्जना भएको छ। नेपालसामु अचानक उत्पन्नयस्तो अवस्थालाई पूर्वप्रधानसेनापति गौरवशमशेर राणाले हामी ‘साँढेको जुधाइ बाच्छाको मिचाइमा परेका छौं’ भन्नुभएको छ। राणाको यो भनाइलाई केही समयदेखि विकसित घटनाले पुष्टि गर्छन्। नेपालको सन्दर्भमा के हो इन्डो-प्यासिफिक रणनीति ? महाशक्ति राष्ट्र अमेरिकी अधिकारी एकपछि अर्को नेपाल आएर नेपाल यो रणनीतिको मध्य केन्द्रमा रहेको दाबी गरिराखेका छन् । हाम्रो सरकार केही भनिरहेको छैन। अमेरिकी अधिकारीले नेपालमा आएर पटकपटक यसो भनिरहँदा सार्वभौम भनिएको संसद्को अधिवेशन चलिरहेछ र सरकार संसद्लाई जानकारी दिइरहेको छैन। न त संसद्ले यसमा चासो राखेको छ । सरकार र संसद्को मौनतालाई के नेपाली जनताले ‘मौनम् सम्मति लक्षणम्’ को रूपमा बुझ्नुपर्ने हो ? इन्डो-प्यासिफिक चीनको बढ्दो प्रभावलाई ध्यानमा राखेर अमेरिकाले ल्याएको रणनीति हो भन्ने स्पष्ट छ । अमेरिकी रणनीतिमा हामी गएका हौं भने हाम्राप्रति सधैं सकारात्मक धारणा राखेर सहयोग गर्दै आएको चीनको के भनाइ छ ? अनि अर्को छिमेकी भारतको यसमा के प्रतिक्रिया छ ? नेपाली जनताले जान्न पाउने कि नपाउने ?अमेरिकाको राष्ट्रपतिमा ट्रम्प विजय भएपछि उनले ‘अमेरिका फस्ट’ को नारा दिएका छन् । जो उनको यो नारामा सहमत छ, ऊ अमेरिकाको मित्र हो । यसलाई समर्थन नगर्ने शत्रु। यही रणनीतिअन्तर्गत अमेरिकाले चिनियाँ वस्तु आयातमा भन्सार बढाएको छ । चिनियाँ मोबाइल कम्पनी हुवावेमाथि आफूले मात्र प्रतिबन्ध लगाएको छैन, कतिपय युरोपेली राष्ट्रलाई पनि हुवावेमाथि प्रतिबन्ध लगाउन दबाब दिइरहेको छ ।अमेरिकाले यस्तो संरक्षणवादी नीति अपनाए र आफूलाई घेर्ने रणनीति इन्डो-प्यासिफिकको केन्द्रविन्दुमा नेपाल रहेको भन्दै गतिविधि बढाएपछि चीन संवेदनशील भएको छ। हालै नेपालका सरकारी र केही गैरसरकारी क्षेत्रका पत्रकारहरूलाई ल्हासामा बोलाएर दक्षिण एसियाली पत्रकारहरूको संगठन नै बनाएर अघि बढ्ने रणनीति बनाएको छ । चीनको महत्त्वाकांक्षी योजना बीआरआईमा नेपालले हस्ताक्षर गरेको छ भने भारतले अहिलेसम्म समर्थन गरेको छैन । अमेरिका यसको खुलेआम विरोधमा रहेको छ। बीआरआई सम्मेलनका लागि राष्ट्रपति विद्यादेवी भण्डारी साताव्यापी चीनको भ्रमणमा रहेको बेला दक्षिण तथा मध्य एसिया मामिला प्रमुख अमेरिकी सहायक मन्त्री एलिस बेल्स नेपाल आए । उनको यो अचानक नेपाल भ्रमणको उद्देश्य थियो- नेपाललाई चीनले अघि सारेको बीआरआई योजनामा हस्ताक्षर गर्न रोक्नु । तर राष्ट्रपतिको भ्रमणको समयमा नेपालले हस्ताक्षर गर्‍यो । अमेरिका चुप लागेर बसेन । तुरुन्तै अर्का कूटनीतिक अधिकारी डेविड रेन्ज नेपाल आएर नेपाली पत्रकारलाई चीनको बीआरआई योजनासँग सचेत रहन आग्रह गरे। उनको भनाइमा सुन्दा योजना जति राम्रो छ विभिन्न मुलुकमा यो कसरी चलेको छ, त्यसतर्फ ध्यान दिन नेपाललाई आग्रह गरे। श्रीलंकालाई दिएको ऋण तिर्न नसकेपछि श्रीलंकाले आफ्नो एक बन्दरगाह ९९ वर्षका लागि चीनलाई लिजमा दिएको उदाहरण दिँदै नेपाललाई यसमा नफस्न जोड दिए । उनको यो भनाइको तुरुन्त नै चिनियाँ राजदूतले प्रतिवादगरिन्। उता भारतले बीआरआईमा हस्ताक्षर गरेको छैन । नेपालले हस्ताक्षर गरेकोमा बाहिर केही नबोले पनि भारतलाई मन परेको छैन। सायद यो र यस्ता अनेक घटनालाई लिएर होला, प्रधानसेनापति राणाले नेपाल ‘साँढेको जुधाइ बाछाको मिचाइ’ मा पर्‍यो भनेको हुनुपर्छ नेपालको भू-राजनीतिक संवेदशीलता गम्भीर र गज्जबको छ। विगत लामो समयदेखि नेपालले नेपाली र भारतीय, चिनियाँ, अमेरिकी सेनासमेतलाई माउन्टेन वारफेर र जंगल वारफेरको तालिम दिने गरेको छ । रमाइलो के छ भने उत्तरी क्षेत्र मुस्ताङमा दिइने माउन्टेन वारफेरमा अमेरिकी सेना बढी संलग्न हुन्छ भने दक्षिण जिल्लाको जंगल वारफेरमा चिनियाँ सेनाको संलग्नता बढी हुने गरेको छ । यसमा धेरै व्याख्या गरिरहनु आवश्यक छैन। महाशक्ति अमेरिका र उसलाई टक्कर दिँदै अघि बढेको चीनले नेपाललाई कसरी हेर्ने गरेका छन् भन्ने कुराको यो पछिल्लो उदाहरण हो। यसै प्रसंगमा एउटा संवेदनशील प्रसंग उद्धृत गर्छु। सन् १९६० मा चीनले ल्हासा कब्जा गर्‍यो। तिब्बतका धर्मगुरु दलाई लामा नेपाल आउने भए। त्यतिबेला नेपालमा प्रथम आमचुनाव भएर बीपी कोइरालाको सरकार भर्खर गठन भएको थियो । अमेरिकामा राष्ट्रपतिको चुनाव भएर जोन एफ केनेडी राष्ट्रपति चुनिएका थिए तर सत्ता हस्तान्तरण भइसकेको थिएन । निर्वतमान राष्ट्रपति आइजन हावरले बीपीलाई सन्देश पठाए- दलाई लामा नेपालमा बस्न खोजेका छन् । उनी नेपालमा बसे भने चीन नेपालसँग रिसाउनेछ। चीनको जुन एग्रेसिभ नीति छ नेपालजस्तो सानो मुलुकले धान्न सक्दैन । अमेरिकाले दलाई लामालाई सन्देश पठाएको छ नेपालमा नबसेर भारतको धर्मशालामा बस्नु । यस सम्बन्धमा अमेरिकाले नेहरूसँग पनि कुरा गरिसकेको छ र नेहरू यसमा सहमत पनि भएका छन् । अमेरिकाको सल्लाह मानेर दलाई लामा नेपाल नबसेर सीधै भारतको धर्मशालामा बस्न गए । उनी भागेपछि हजारौं तिब्बती नेपालका मुस्ताङ, सोलुखुम्बु, ताप्लेजुङ आदि जिल्लामा आएर शरणार्थीको रूपमा बसे। तिब्बती शरणार्थीलाई सहयोग गर्न स्विस सरकार अग्रसर भएपछि बीपी कोइरालाको सरकारले केही तिब्बती शरणार्थीलाई राख्न जाउलाखेलमा ठाउँ उपलब्ध गरायो र स्विस सहयोग नियोगले शरणार्थीलाई बसोवासको व्यवस्था गर्‍यो र शरणार्थीहरूले गलैंचा बुनेर त्यसलाई युरोप र अमेरिकामा निकासी गरियो। विश्वभर जहाँजहाँ शरणार्थीलाई बसोवास गराइएको छ, ती देशमा स्थानीय सरकारले अनेक समस्याको सामना गर्नुपरेको छ। तर, त्यसको अपवादमा तिब्बती शरणार्थी नेपालमा रहे तिनले नेपालमा बस्ता यहाँको सामाजिक र अन्य प्रशासनिक क्षेत्रमा कुनै समस्या सिर्जना गरेनन्। यसको व्यवस्था स्विस सरकारले गर्‍यो। अहिले त तिब्बतीहरू अमेरिका र युरोपका देशमा बसोवास गर्छन्। यो जानकारी ०१७ सालपछि लगातार १० वर्ष जेल बसेर छुट्नुभएका किसुनजीले मलाई सुनाउनुभएको थियो। प्रसंग थियो वीरेन्द्र राजा भएपछि तिब्बती लडाकु जसलाई खम्पा विद्रोही भनिन्थ्यो। तिनीहरूसँग अत्याधुनिक अमेरिकी हतियार थिए । सीआईएले तिनलाई तालिम दिन्थ्यो। काठमाडौंको पश्चिम भाग स्युचाटारमा सानो विमानस्थल थियो । त्यहाँ सर्वसाधारण नेपालीलाई प्रवेश गर्न अनुमति थिएन। सानो पिलाटसपोर्ट विमानमा बाहिर स्विट्जरल्यान्डको झण्डा लेखिएको थियो र सर्वसाधारण नेपालीलाई भनिन्थ्यो- मुस्ताङलगायत विभिन्न ठाउँमा बसोवास गर्ने तिब्बती शरणार्थीहरूलाई औषधोपचार गर्न औषधी र डाक्टर लैजाने तर बाहिर त्यस्तो हल्ला गरे पनि वास्तविकता थियो- सीआईएले खम्पा विद्रोहीका निम्ति हतियार लग्ने र खम्पालाई तालिम दिने। त्यसमा सीआईएले अत्याधुनिक हतियार आपूर्ति गर्थ्यो। इन्डो-प्यासिफिक चीनको बढ्दो प्रभावलाई ध्यानमा राखेर अमेरिकाले ल्याएको रणनीति हो भन्ने स्पष्ट छ। अमेरिकी रणनीतिमा हामी गएका हौं भने यसमा चीन र भारतको प्रतिक्रिया के छ भनेर नेपालीले जान्न पाउने कि नपाउने ?चीनले पटकपटक गुनासो गरे पनि राजा महेन्द्रले त्यसलाई अनेक बहानामा टारेका थिए। २०२८ सालमा उनको निधन भएपछि राजा भएका वीरेन्द्रलाई चीनले दबाब दियो- तिब्बती खम्पा विद्रोहीहरूसँग रहेको हातहतियार खोस्न र मुस्ताङ तिनको कार्य क्षेत्र थिया

## साताको भागफल

**मेष** : सुरुमा मनग्गे धन लाभ हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। व्यवसायमा मनग्गे लाभ हुनेछ।

**वृष** : प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ।

**मिथुन** : प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ।

**कर्कट** : स्वास्थ्य कमजोर रहनाले प्रारम्भ संघर्षपूर्ण रहनेछ। अरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। सोमबारदेखि स्थितिमा सुधार आउनेछ।

**सिंह :प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। विशेष उपहार आउला। बीचमा भने केही समस्यासाग जुध्नुपर्ला। काम बिग्रने डरले सताउन सक्छ।**

**कन्या** : पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ। प्रतिस्पर्धीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ।

**तुला** : प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ। प्रतिस्पर्धीहरूले विभिन्न अवरोध सिर्जना गर्नेछन्।

**वृश्चिक**: प्रिारम्भमा घरेलु समस्या देखापर्न सक्छन्। काम रोकिनुका साथै पारिवारिक समस्याले सताउन सक्छ। साइनो गाँस्नेहरूबाट पनि सजग रहनुहोला।।

**धनु** : प्रिारम्भ उत्साहवर्द्धक देखिए पनि यो सातामा केही उतारचढाव समेत आउनेछन्। पारिवारिक असमझदारीले केही समस्या निम्त्याउन सक्छ।

**मकर** : धेरै बोल्ने बानीले वादविवाद निम्त्याउला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ।

**कुम्भ** : प्रारम्भमा इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ। तर भेटघाटमा अलमलिनाले लक्ष्यमा पुग्न बाधा पर्नेछ।

**मीन** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

# असुरक्षित बालगृहबाट ८ बालबालिकाको उद्धार

**मिसन न्यूज**

**कालिकोट** - कालिकोट जिल्लाका ८ जना बालबालिकालाई बालगृहबाट उद्धार गरी अभिभावकको जिम्मा लगाइएको छ। नेपाल प्रहरी र केन्द्रीय बालकल्याण समितिले बालबालिकाको उद्धार गरेका हुन्। उद्धार गरिएका ८ जना बालबालिका मध्ये ४ जना पलाँता गाउँपालिकाका, १ जना पचालझरना गाउँपालिकाका र ३ जना तिलागुफा नगरपालिकाका रहेका छन् । उनीहरु सबै दलित समुदायका बालबालिका हुन् ।

उनीहरुलाई साझा सवालका लागि साझामञ्च कोकनले प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीको रोहबरमा अभिभावकको जिम्मा लगाएको हो । काठमाडौंका असुरक्षित बालगृहबाट उद्धार गरिएका ८ बालबालिकालाई अभिभावको जिम्मा लगाउन साझा सवालका लागि साझा मञ्च कोकनका सल्लाहकार कमल कोइराला कालिकोट आएका थिए । नेपाल प्रहरी केन्द्रीय बालकल्याण समितिले तीन महिना अगाडि काठमाडौंका बालगृहमा रहेका असुरक्षित बालबालिकालाई उद्धार गरी कोइरालालाई जिम्मा लगाएको थियो। अभिभावक पहिचान गरी प्रमुख जिल्ला अधिकारीको रोहबरमा जिम्मा लगाएको कोइरालाले बताए। उनले भने, 'हामीले सरकारले उद्धार गरेका बालबालिकालाई आवधिक बालगृहको सेवा दिएका छौं। शुक्रबार अभिभावकलाई जिम्मा लगाइएका ८ जना बालबालिकालाई शैक्षिक सामग्रीसहित घर पठायौं ।'



असुरक्षित बालगृहबार उद्धार गरिएका बालबालिकाहरु अभिभावकको जिम्मा लगाईदै ।

कालिकोटका प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले नेपाल सरकारको मापदण्ड पूरा नगरी खोलिएका, दर्ता नभएका, बालगृहमा हुनु पर्ने सेवा सुविधा नभएका बालगृहबाट उद्धार गरिएका बालबालिकाहरु अभिभावकको जिम्मा लगाएको बताए। उनले नेपाल प्रहरी र केन्द्रीय बालकल्याण समितिले उद्धार गरेका बालबालिकालाई साझा सवालका लागि साझा मञ्च कोकनले कालिकोट जिल्ला सदरमुकामसम्म ल्याइदिएको र प्रशासनमै अभिभावकलाई जिम्मा लगाएको जानकारी दिए । उनले भने, 'कालिकोट जिल्लाका विकट गाउँबाट बालबालिका अव्यवस्थित बालगृहमा पठाउने समस्या रहेछ। यहाँको गरिबी, अशिक्षा, जनचेतनाको अभाव र काठमाडौंमा छोरा पढाउने चाहानाले बालबालिका असुरक्षित बालगृहमा जाने समस्या रहेको छ। यसलाई सबैको साझा पहलले रोक्नुपर्छ ।'

**बोर्डिङमा सन्तान पढाउने नाममा ठगियौं-अभिभावक**

'छोरालाई काठमाडौं पढाउने चाहानाले बालबालिकालाई बालगृह पठाउने गरेका छन्', जिल्लाको तिलागुफा नगरपालिका वडा नं. २ रताडाकी कृष्णा विकले भनिन्, '१ लाख २५ हजार एकमुष्ट दिएर कक्षा १० सम्म पढ्न पाउने भनेपछि छोरा वसन्त विकलाई तीनवर्ष अगाडि काठमाडौं पठाएकी हुँ। यसरी ठगिने कुरा पहिले थाहा पाइनँ। हामीले घरमा छोरा काठमाडौंको बुढानिकन्ठमा पढ्दै होला भन्ने सोचेका थियौं । तर छोरा काठमाडौंमा व्यवारिसे भएर सरकारले उद्धार गरी जिल्लामा ल्याएपछि बल्ल थाहा भयो । हामी त ठगिएका रहेछौं ।' यस्तै चिल्खायाकै मनकला विकले भनिन्, 'राम्रो विद्यालयमा सन्तान पढाउने नाममा छोरा काठमाडौं पठाइयो ।चिल्खायाकै जया विकले बुढानिली कण्ठमा पढाइदिन्छु भनेर १ लाख २५ हजार एकमुष्ट रकम पनि लिए। तर छोरा असुरक्षित बालगृहबाट उद्धार भएको खबर पाएपछि आफू ठगिएको थाहा भयो।' उनले भनिन्, 'राम्रो विद्यालयमा पढ्न छोराको भाग्यमा नै रहेनछ । गरिबीको सबैले फाइदा

बाँकी ४ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपर को बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

भटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कालिकोट




## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## केन्द्र सरकारको गणनामा छैन........................

अनि कपडा र वस्नको लागि सुरक्षित वासस्थान आवश्यक रहेको उनको भनाइ थियो । पहिलो वर्ष जे जस्तो रहेपनि दोस्रो वर्षदेखि उत्पादनशिल क्षेत्रमा मात्र बढी प्राथमिकता राखेको बताए । उनले भने, 'उपभोक्ता समितिबाट गरिने काम छिटो छरितो, पारदर्शिता नभएको र उपभोक्तावादी चिन्तन बढेको भन्दै यो वर्षदेखि हामीले 'जति विकास बजेट आउँछ, त्यसलाई रोजगारसँग जोडेर निर्माण कार्यदलमार्फत युवा समूह, महिला समूह बनाएर निर्माणमा जुट्नुपर्छ ।' सडक खन्नुपर्ने मुख्यमन्त्री शाहीको भनाइ रहेको छरु । मुख्यमन्त्री शाहीले भने, 'पहिलो वर्ष पुर्वाधारमा मात्रै जोड दियौं, यो वर्ष पनि यसलाई कार्यान्वयन गर्न जोड दिएका छौं । पहिलो प्राथमिकता भनेकै गरिबी हटाउन गाँस, बास र कपासलाई राखेका छौं ।' प्रेस संगठन नेपाल कालिकोटद्धारा आयोजित पत्रकार भेटघाट कार्यक्रममा रास्कोट नगरपालिका प्रमुख काशिचन्द वराल, शान्नि त्रिवेणि गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाही र शुभकालिका गाउँपालिका अध्यक्ष खडानन्द चौलगाईंको उपस्थिति रहेको थियो । मुख्यमन्त्रीलाई सोधेको पत्रकारको प्रश्नको जवाफ प्रहरी प्रमुख विनोद शर्माले दिएको भन्दै पत्रकारलाई अपमानित गरेको पत्रकारहरुले आरोप लागाएका थिए । कणाली राजमार्गलाई स्तर उन्नति कहिलेसम्म गरिन्छ भन्ने पत्रकारको प्रश्नमा डिएसपी विनोद शर्माले बिचैमा जवाफ दिएको र पत्रकार सम्मेलन गर्ने आयोजक प्रेस संगठनलाई कार्यक्रम समापन गर्न नदिइ मुख्यमन्त्रीलाई लिन खोजेको भन्दै पत्रकारले अपमानित भएको गुनासो गरेका छन् ।

## असुरक्षित बालगृहबाट..............................

उठाए । सन्तानको भविष्यको लागि ऋण गरेर काठमाडौं पठाएको थिएँ ।' यस्तै पलाँताका करवीर कामीले छोरा विकास कामीलाई काठमाडौं पढाउनका लागि भनेर एक लाख ८० हजार दिएको बताए। उनले भने, 'कक्षा १ देखि १० सम्म पढ्नका लागि भनेर एक लाख ८० हजार बुझाएको हुँ । अन्य सबैले एक लाख २५ हजारका दरले रकम बुझाएका रहेछन् ।'

# स्वास्थ्य

## सादा पानी:अमृत समान



पानी नै औषधि हो । पानी रोगहरूको शत्रु हो । पानीले रोग नाश गर्दछ । भाइबहिनी हो ! पानी हाम्रो शरीरका लागि अति आवश्यक घटक हो । हाम्रो शरीरमा ५० देखि ७० प्रतिशत भाग पानी हुन्छ । शरीरभित्रका हरेक क्रिया सञ्चालन हुन पानी चाहिन्छ । त्यसैले हाम्रो स्वास्थ्य र पानीको गहिरो सम्बन्ध छ । जसरी पृथ्वीमा उम्रेका बोटविरुवा, वनस्पति आदि पानी नपाउँदा ओइलाउन थाल्छन् । त्यसैगरी हाम्रो शरीरमा पनि पानीको कमी हुँदा विभिन्न समस्या आउँछ । त्यसैले पानी नियमित पिउनु पर्छ । पानी पानी हाइड्रोजन २ भाग र अक्सिजन एक भाग मिलेर बनेको तरल पदार्थ हो । पानी विना जिउन गाह्रो हुन्छ । हामीलाई सरसफाइ गर्न, खान, पिउन, र लुगा धुन पानी चाहिन्छ । पानीले शरीरलाई शीतल गराउँछ । शरीरलाई स्वस्थ र ऊर्जाशील बनाउँछ । पानीले शरीरमा आउने स्वास्थ्य समस्याबाट बचाउन सहयोग गर्छ । शरीरलाई शीतल बनाउन र पुन: जागृत गराउन पानी आवश्यक पर्छ अचेल मानिस पानीको सट्टा अरू तरल पदार्थहरू चिया, कफी, चिसो पेय पिउने गर्छन्। पानीको कमी अरू तरल पदार्थले पूरा गर्न सक्दैन। सादा पानी अमृत समान हुन्छ ।

**पानी किन ?**

- पाचन प्रक्रियालाई सहज रूपले अघि बढाउन पानी आवश्यक पर्छ ।
- पौष्टिक तत्व र अक्सिजनलाई शरीरका सबै कोषमा पुऱ्याउन पानीले मदत गर्छ ।
- शरीरको तापक्रम अर्थात् रक्तचापलाई शरीरको नियमानुसार सन्तुलन राख्न मदत गर्छ ।
- सम्पूर्ण प्रणालीको काम भएपछि शरीरमा रहेका हानिकारक तत्वहरू र फोहरलाई बाहिर फाल्न मदत गर्छ।त्यसैले शरीर सञ्चालनका लागि चाहिने पानी ठिक समय र ठिक तरीका ले पिउनु पर्छ । पानीको कमीले शरीरमा धेरै समस्या आउँछ । हाम्रो शरीर हरेक क्षण हामीसँग बोलिरहेको हुन्छ । तर हामीले शरीरको संकेतलाई ध्यान दिइरहेका हुँदैनौं। शरीरमा पानीको कमी भएमा पनि शरीरले हामीलाई संकेत गर्छ । पानी कमी हुँदा शरीरले दिन संकेतहरू शरीरमा पानीको कमीले टाउको दुख्ने, कब्जियत हुने, शरीर गल्ने,अरुचि हुने ।


**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साँझ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल( वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**पलाँता गाउँपालिका कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय**
**कालिकोट**

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# लैंगिक हिंसा र लागुऔषधविरुद्ध ऐक्यवद्धता

**मिसन न्यूज**

**कालिकोट** - कालिकोट जिल्लाका सरोकारवालाले लैंगिक हिंसा तथा लागुऔषधविरुद्धको अभियानमा ऐक्रुयवद्धता जनाएका छन् । कर्णाली प्रदेश सरकारको शान्ति सुरक्षा अभियानअन्तरगत जिल्ला सदरमुकाम मान्ममा आयोजना गरिएको लैंगिक हिंसा, लागुऔषधविरुद्ध परामर्श एवं प्रशिक्षक प्रशिक्षण तालिममा जिल्लाका सरोकारवालाले लैंगिक हिंसा तथा लागुऔषधविरुद्धको अभियानमा ऐक्रुयवद्धता जनाएका हुन् ।

जिल्ला प्रहरी कार्यालय कालिकोटका निमित्त प्रमुख देवेन्द्रकुमार मल्लको अध्यक्षतामा भएको कार्यक्रममा खाँडाचक्र नगरपालिका प्रमुख जसीप्रसाद पाण्डेले लैंगिक हिंसा तथा लागुऔषधमुक्त समाज निर्माण गर्न सबैको ऐक्रुयवद्धताको खाँचो रहेको बताए । उनले खाँडाचक्र नगरपालिकाले यस अभियानलाई प्रभावकारी बनाउन सहयोग गर्ने प्रतिबद्धता पनि जनाए । उनले भने, 'समाजमा लैंगिक हिंसा व्यापक रुपमा रहेको छ। तर गाउँमा हुने हिंसाका सबै घटना न्याय माग्नका लागि सम्बन्धित निकायमा निकै कम आउने गरेका छन् । यो तालिमले पीडितलाई न्याय लिन सम्बन्धित निकायमा आउन उत्प्रेणा दिने र हिंसाका घटना न्यूनिकरणका सवालमा जनचेतना जोगाउन महत्वपूर्ण भूमिका खेल्ने उनले बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले परम्परागत सामाजिक, सांस्कृति मुल्य मान्यता र कुसंस्कारका कारण लैगिक हिंसा बढिरहेको बताए। उनले कालिकोटमा संचालित लैंगिक हिंसा, लागुऔषधविरुद्ध परामर्श तथा प्रशिक्षक प्रशिक्षण तालिमबाट गाउँमा खटिने प्रशिक्षकले वडा तहसम्म सचेतना जोगाइ न्यूनिकरणका लागि सहयोग गर्ने बताए । उनले भने, 'लैंगिक हिंसाका घटना जिल्लामा निकै कम आउँछन् । गाउँको आर्थिक, सामाजिक, सांस्कृति, शैक्षिक तथा सचेतनाको अभावका कारण



गाउँमा हिंसा सहेर बस्ने समस्या छ । यसलाई सबैको सक्रियतामा न्यायिक दायरामा ल्याउने तथा पीडितलाई न्याय माग्न सम्बन्धित ठाउँमा आउने वातावरण बनाउनु आवश्यक छ । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका निमित्त प्रमुख देवेन्द्रकुमार मल्लले तालिमको विषयमा जानकारी दिँदै पीडितपक्ष नै न्याय माग्न नआउने गरेको बताए । उनले भने, 'जिल्ला प्रहरी कार्यालयले महिला, बालबालिका, जेष्ठ नागरिक, दलित लगायतका मुद्धामा कुनै कसुर बाँकी नराख्ने गरी काम गरिएको छ। तर अधिकांश घटना प्रहरीमा आउन नपाउदै गाउँमै मिलाइन्छ । यसले हिंसाका घटनाहरु न्यूनिकरणका लागि चुनौती भएको छ। यो तालिमले गाउँ गाउँमा लैंगिक हिंसा र लागुऔषधविरुद्ध जनचेतना अभिवृद्धि गरी जुनसुकै घटना पनि प्रहरीमा जानकारी दिने वातावरण सिर्जना हुने अपेक्षा गरिएको छ। जिल्ला प्रहरी कार्यालयको आयोजनामा भएको तालिममा जिल्लाका ९ वटै स्थानीय तहमा रहेका प्रहरी चौकी इन्चार्ज, शिक्षक, बुद्धिजीवि नागरिक समाज गरी २० जनाको सहभागीता थियो ।

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।**

**कृषि ज्ञान केन्द्रको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## गुगल स्मृतिमा अमरिश




विश्वको सर्वाधिक ठूलो सर्च इन्जिन गुगलले शनिबार भारतीय अभिनेता अमरिश पुरीको ८७ औं जन्मदिन पारेर डुडल बनाई उनको जीवनी र करिअरप्रति सम्मान व्यक्त गरेको छरु। पुरीको निधन भने २००५ मा नै भएको होरु। पुरीले खलपात्रमा गरेको वजनदार अभिनयमार्फत विश्वभर आफ्ना फ्यान कमाएका थिए । 'मिस्टर इन्डिया' फिल्मको 'मोग्याम्बो खुस हुआ' संवादलाई उनले आफ्नो सिग्नेचर डायलग नै बनाइदिएका थिएरु । जसका कारण उनलाई आज पनि दर्शकले मोग्याम्बो भनेर पनि चिन्ने गर्छन्रु । रंगमञ्च हुँदै ३९ वर्षको उमेरमा 'रेश्मा और शेरा' मार्फत बलिउड डेब्यु गरेका पुरीले करिअरमा झन्डै चार सय फिल्म खेलेरु। उनले ओस्कार विजयी हलिउड फिल्म 'गान्धी' देखि स्टेभन स्पिलवर्गका दुई फिल्ममा पनि खेलेरु । लाहोरमा जन्मेका पुरी फिल्ममा जति आफ्ना डरलाग्दा आँखा र रुखो अनुहारका कारण खलपात्रमा जमेका थिए, उति नै उनको स्वर पनि तर्साउने खालको थियो। पुरीको जन्मदिनको अवसर पारेर उनका छोरा राजीवले बुबासँग जोडिएका केही किस्सा सुनाएका छन्रु। 'परिवारमा त हामीले बुबालाई फिल्ममा आउनु केही वर्ष अघिदेखि नै पनि थिएटरमा देख्दै आएका थियौंरु। हामीलाई थाहा थियो, बुबाले केवल चरित्र मात्रै निर्वाह गर्नुभएको होरु।तर जब उहाँ फिल्ममा खतरनाक खलपात्रका रूपमा देखिन थाल्नुभयो, तब मेरा साथीहरू घरमा आउँदा बुबालाई देख्नेबित्तिकै डराएर भाग्थेरु। पछिपछि बल्ल डराउन छोडेरु।' खलपात्र खेलेरै ठूलो स्टारडम बनाउन सफल पुरी फिल्ममा जति डरलाग्दा, रुखो रआततायी देखिन्थे। `

## ज्ञानमाला

१. 'दुई पास' परीक्षा कहिलेबाट सुरु भएको थियो ?
-१९७९
२. भाषानुवाद परिषद्को स्थापना कहिले भएको थियो ?
-१९९७
३. पहिलो शिक्षा ऐन जारी कहिले भएको हो ?
-२०१९
४. उच्चस्तरीय शिक्षा आयोग गठन कहिले भयो ?
-२०५४
५. शिक्षकको सक्षमता कति वटा रहेका छन् ?
-८
६. स्थानीय पाठ्यक्रम प्रारुप, २०७१ कहिले स्वीकृत भयो ?
(२०७१ साल असार ३० गते
७. शिक्षा ऐन, २०२८ को कति औं दफाले दिएको अधिकार प्रयोग गरी शिक्षक सेवा आयोग नियमावली, २०५७ बनाएको हो ?
-दफा १९
८. दलित महिलाको लागि कति प्रतिशत पद आरक्षण गरिएको छ ?
-३ प्रतिशत
९. संघको अधिकार कुन अनुसूचीमा उल्लेख गरिएको छ ?
ख. अनुसुची ५
१० नेपालका बोलिने सबै मात्रृभाषहरु के हुन सक्छन् ?
-राष्ट्रभाषा
११. बालबालिका सम्बन्धी हक कति धारामा छ ?
-धारा ३९
१२. राष्ट्रिय परीक्षा बोर्डमा कति सदस्य रहने व्यवस्था छ ?
-१३ जना
१३. शिक्षक सेवा आयोगको अध्यक्ष पदमा नियुक्त हुन नेपाल सरकारको विशिष्ट श्रेणमिा कति वर्ष सेवा गरेको हुनुपर्दछ ?
- विशिष्ट श्रेणीको अनुभव भएको
१४. जिल्ला शिक्षा समितिको विघटन कसले गर्न सक्दछ ?
- नेपाल सरकार
१५. कुन कुन बिदा आधा दिन पनि लिन सकिन्छ ?
-भैपरी आउने बिदा र पर्व बिदा
१६. विज्ञान विषयमा विद्यावारिधी कहिलेदेखि सुरु भएको हो ?
- वि.सं. २०३३


## सन्देश मूलक सुचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**जलस्रोत तथा सिंचाई विकास सब-डिभिजन कार्यालय**

**कर्णाली प्रदेश, कालिकोट**



*एक घर एक करेसाबारीको स्थापना गरौं ।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥*

**कृषि ज्ञान केन्द्र, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**



## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर-घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# स्थानीय तहको बजेट : बजेट न्यून, आवश्यकता अधिक

**मिसन न्यूज**

**सुर्खेत**-कर्णाली प्रदेशका अधिकांश स्थानीय तहले मंगलबार नीति तथा कार्यक्रमसहित बजेट गाउँ तथा नगरसभामा पेस गरेका छन् । केही स्थानीय तहमा विवाद र तयारी नपुगेको भन्दै नगरसभा स्थगित गरिएको छ । प्रदेश राजधानी रहेको वीरेन्द्रनगर नगरपालिकाले १ अर्ब २० करोड ७९ लाखको बजेट ल्यायो । तर, पूर्वाधार विकासमा भने २६ करोड ७९ लाख रुपैयाँ मात्रै छ ।

पछिल्लो समय वीरेन्द्रनगरमा सडक पूर्वाधारको लागि पर्याप्त बजेट आउने अपेक्षा गरिए पनि न्यून मात्र विनियोजन गरिएको हो । आगामी वर्षको बजेटमा अधिकांश पुराना कार्यक्रमलाई निरन्तरता दिएको छ । नगर उपप्रमुख मोहनमाया ढकालले मंगलबार पाँचौं सभामा आव ०७६र७७ का लागि चालु खर्चतर्फ ७४ करोड ९३ लाख र पुँजीगततर्फ ४५ करोड ३ लाखको बजेट प्रस्तुत गरिन्छ् । नगरपालिकाले बजेटको ३७ प्रतिशत रकम विकासतर्फ छुट्याएको छ । पूर्वाधार विकासतर्फको २६ करोड ७९ लाख बजेटमध्ये वडास्तरीय योजनाका लागि २४ करोड छुट्याइएको हो । वडास्तरीय योजनाका लागि



छुट्याइएको २४ करोड रकम भाग लगाउँदा प्रत्येक वडालाई एक करोड ५० लाख मात्रै बजेट पर्छ । यसअघि पनि नगरपालिका प्रमुख देवकुमार सुवेदीले नगरभित्रका सडकका लागि मात्रै कम्तिमा पनि ६० करोड बजेट आवश्यक पर्ने बताउँदै आएका थिए । थपिए नयाँ नारै-नारानगरपालिकाले आगामी वर्षको बजेटमा नयाँ नारा थपेको छ । आर्थिक विकास नीतितर्फ 'मैले खोजेको अधिकार, मेरा लागि महिला स्वरोजगार' भन्ने नारासहित महिला स्वरोजगारलाई निरन्तरता दिइने उल्लेख छ । पूर्वाधार विकासतर्फ 'सुन्दर नगर बनाउँ मिलिजुली, सडक तथा घरमा बत्ती झिलिमिली' भन्ने नारालाई अगाडि सार्दै विद्युत् लाइन विस्तार नभएका १५ र १६ वडामा विद्युत् विस्तार गरिनेछ । वातावरण तथा विपत् व्यवस्थापनतर्फ 'दिँदैन म फोहर, घरमै बनाउँछु मोहर' भन्ने नारालाई अगाडि सार्दै नगरका कम्तिमा २५ टोलको फोहोर संकलनमा ५० प्रतिशतले कमी ल्याइने नीतिमा उल्लेख छ । वीरेन्द्रनगरलाई हरित नगरको रुपमा विकास गर्न 'एक घर दुई बिरुवा, हामी आफै कुरुवा' कार्यक्रमलाई निरन्तरता दिने नीतिमा जनाइएको छ । यस्तै, 'सेवा दिने घर घरबाट, सरकारी काम कम्प्युटरबाट' भन्ने नारालाई आत्मसाथ गर्दै डिजिटल नगर प्रोफाइल तयार गरिनेछ । 'बच्छ कागज, कम्प्युटरमै मगज' भन्ने नारासहित विद्युतीय सुशासनको अवधारणाअनुसार कार्य अघि बढाइने नीतिमा जनाइएको छ । लेकबेंसी नगरपालिकाले कृषिलाई प्राथमिकतामा राखेर कुल ४८ करोड ४८ लाख ८० हजार बजेट विनियोजन गरेको छ । खानेपानीलाई मुख्य प्राथमिकतामा राखेको चौकुने गाउँपालिकाले ३४ करोड १० लाख बजेट ल्याएको छ । सिम्ता गाउँपालिकाले शिक्षालाई प्राथमिकतामा राख्दै ३९ करोड २७ लाख बजेट प्रस्तुत गरेको छ। सामाजिक विकासलाई मुख्य प्राथमिकतामा राखेको चिंगाड गाउँपालिकाले २७ करोड ७३ लाख ३९ हजार बजेट विनियोजन गरेको छरु।

बाँकी ८ पृष्ठमा..


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खानेपानी सरसफाइ तथा सब–डिभिजन, कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन र ख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## हाम्रो सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**नेपाल खाद्य संघ**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## दुर्गममा स्वास्थ्य..................................

भएका कागजातहरु सबै जले।'गाँउपालिकामा कार्यरत कम्प्युटर अप्रेटर खगेन्द्र बुढाले गाँउपालिकाको सूचना तथा प्रविधि शाखामा रहेका सबै अभिलेखहरु पनि जलेर नष्ट भएको बताए। उनले भने, गाँउपालिकाको लेखा शाखाबाहेकका अरु शाखाका अभिलेखहरु जोगाउन सकिएन।

**'धैरै सहियो, अब सहनौं : डीएसपी**
कालिकोटका प्रहरी प्रमुख डीएसपी विनोद शर्माले विप्लव समूहका नेता तथा नन्दादेवी माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन विकको नेतृत्वमा आएको टोलीले नरहरीनाथ गाँउपालिकाका र दुई वटा वडा कार्यालयमा रहेका कागजातहरु जलाएको जानकारी दिए। उनले कुनै पनि हालतमा सरकारी सम्पत्तिको आगजानी गर्ने व्यक्तिहरुलाई प्रहरीले नछोड्ने बताए। शर्माले आगलागिमा संलग्नहरुको तीव्र रुपमा खोजी कार्य भइरहेको बताए। जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी इन्सपेक्टर देवेन्द्रकुमार मल्लको नेतृत्वको टोलीले नरहरीनाथमा अप्रेशन सुरु गरिसकेको छ। **बन्दको अवज्ञा गरेकाले जलायौँ-विप्लव नेता -**
कालिकोटका विप्लव समूहका नेताहरुले सोमबार पार्टीले आह्वान गरेको नेपाल बन्दको दिन गाउँपालिकाले गाउँ सभा चलाएकोले आगो लगाएको स्वीकार गरेका छन्। विप्लव समूहका एक प्रभावशाली नेताले भने, 'बन्दको दिन गाँउसभा चलाएको कालिकोटको अन्य स्थानीय तह पनि जलाउछौं। बन्दकोको दिन पचालझरना गाँउपालिका, तिलागुफा नगरपालिका लगायतले पनि सभाहरु चलाएको खबर पाएका छौ।' 'राज्यले पार्टीलाई गरेको दमनका विरुद्धमा आह्वान गरिएको नेपाल बन्दको दिन गाँउ तथा नगरसभाहरु संचालन नगर्न सबैलाई अनुरोध गरेका थियौं।' अन्नपुर्णबाट

## स्थानीय तहको ..................................

चालुतर्फ १८ करोड ७७ लाख ५४ हजार र पुँजीगतर्फ ८ करोड ९५ लाख ८५ हजार बजेट ल्याएको प्रमुख प्रशासकिय अधिकृत टेकबहादुर खत्रीले जानकारी दिए। **हतारमा डल्लो बजेट-दैलेखका** स्थानीय तहले नगररगाउँ सभामार्फत हतार गर्दै एकैपटक डल्लो बजेट पेस गरेका छन्। जिल्लाका सबै स्थानीय तहले बजेटमा कृषि, पर्यटन, शिक्षा र पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखेका छन्। ४ नगर र ७ गाउँपालिकाले मंगलबार बजेट पेस गरेका हुन्।

## कालिकोटमा गुफाभित्र ...................

पालिकाले १५ लाख बजेट छुट्याएर गुफा जाने पैदल मार्गको निर्माण गरको छ। वडा अध्यक्ष न्यौपानेका अनुसार गुफाभित्र संचालन गरिएको वडासभाले वडाको भौतिक पूर्वाधार विकासका क्षेत्रमा ३० लाख, अन्य विभिन्न लक्षित समुहको बजेट गरी एक करोडको बजेड विनियोजन गरेको छ। उनले वडापालिकाले सुरु गरेको मेरो सम्पदा, मेरो दायित्व भन्ने अभियान अन्तरगत तिलागुफा र पुगमालिकाको पर्यटन प्रवर्द्धनका साथै पुगमालिकाको विकासका लागि बजेटको व्यवस्था गरिदिन संघीय सरकारलाई अनुरोध गर्ने निर्णयसमेत गरिएको जानकारी दिए। साविकको जुविथा गाविसका उपाअध्यक्ष मनप्रसाद न्यौपानेले तिलागुफा नगरपालिका भित्र रहेका तिलागुफा, पुगमालिका, रुडुबन्चस पाटन लगायतका निकै आकर्षक पर्यटकीय स्थलहरुको विकासका लागि सबै तहका सरकारहरुले ध्यान दिनुपर्ने बताए। उनले प्रकृतिले दिएका उपहार लाई सम्बन्धित निकायको लापरवाहीका कारण ओझेलमा पर्न बाध्य भएको बताए। तिलागुफा नगरपालिकाकी उपप्रमुख दर्शना नेपालीका अनुसार यो गुफा ४० मिटर भित्रसम्म लामो रहेको छ।

उपप्रमुख नेपालीले तिलागुफा जस्तो ऐतिहासिक गुफाको संरक्षण, विकास, प्रवर्द्धन तथा प्रचारप्रसार गर्न सकिए कालिकोट जिल्लाकै सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य बन्ने निश्चित रहेको बताइन्। तीला कर्णाली नदीको छाललै छुन लागेको यो गुफा अवलोकन भ्रमणका लागि निकै आकर्षक देखिन्छ।


**नरहरीनाथको सन्देश**

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।**

**नरहरीनाथ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

**तिलागुफा नगरपालिकाको सन्देश**

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।**
**तिलागुफा नगरपालिका कार्यालय**
**कालिकोट**

**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ।

**सर्म्पक ठेगाना**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सुचिकरण भएको www. missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईंको साथमा छ। साथै यस मिडियाद्वारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

**हाम्रा विशेषताहरु**
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेबसाईड डिजाइन्।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्रीउत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।
फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, समाचारदाता :दिलिप कुमार शाही, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. – ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३ ,इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट